एघार

# बलात्कार घटनाका पीडितले भोग्नुपर्ने कहर र न्यायिक प्रक्रियाका जटिलता

**गुन्जन राय (गुन्जा)**

## पृष्ठभूमि

कुनै व्यक्तिले डर-धाक-धम्की देखाएर वा बलपूर्वक, छलपूर्वक कुनै व्यक्तिसँग यौन सम्बन्ध राखेमा त्यसलाई बलात्कार मानिन्छ । त्यही मान्यता पछयाउँदै यो अध्ययन महिला र बालिकामाथि भएका बलात्कारका प्रतिनिधि घटनामा आधारित छ । एक सामाजिक अभियन्ताको रूपमा सामाजिक न्याय प्राप्तिका निमित्त महिला विरुद्ध हुने हरेक प्रकारका हिंसा, बलात्कार तथा समाजमा रहेका विभिन्न कुरीतिजन्य घटनाहरूमा आवाज उठाउँदै आएको दशकभन्दा बढी बितिसक्यो । विगतलाई सरसर्ती नियाल्दा १० वर्षअघि बलात्कारका घटनामा उजुरी गर्ने, मुद्दा दर्ता गर्नेहरू न्यून थिए । पीडित पक्षले न्यायको लागि अडान राख्नसक्ने वातावरण थिएन । यो १० वर्षको अन्तरालमा के परिवर्तन भयो त ? मेरो कार्य अनुभवका आधारमा भन्नुपर्दा, धेरै परिवर्तन भएको छैन ।

बलात्कार कानूनी अपराध मानिन्छ । तैपनि बलात्कार पीडितलाई न्याय दिलाउने नाममा पीडित र दोषीबीच गाउँ समाज मिलेर मेलमिलाप गराइन्छ । पञ्चायतमाथि पञ्चायत बसाएर त्यस्ता घटनालाई राज्यको न्यायिक प्रक्रियासम्म पुग्नै दिइँदैन । पीडित पक्षले बेस्सरी जोडबल गरेर जिल्ला प्रहरी कार्यालयसम्म पुगिहालेमा घटना दर्ता गर्न नदिने जमात पहिल्यै त्यहाँ तैनाथ रहेका भेटिन्छन् । कहिलेकाहीँ गाउँ-टोलबाटै मुद्दा दर्ता गर्न र गराउन नदिनेहरूको समूह त्यहाँ पुगिसकेका हुन्छन् । गाउँको इज्जत जोगाउन बलात्कारको

घटना दर्ता गर्न नहुने पक्षमा आवाज उठाउने त्यस्ता जमातले पीडितलाई न्याय दिनेतर्फ सोच्दैन । बरु उल्टै गाउँ, समाजको इज्जतको खातिर उसको बलिदानी माग्छ ।

यस्तै माहौलमा बलात्कार पीडित/सर्भाइभरहरूले आफ्नो अडान राख्ने गरेका छन् । यस्ता घटनालाई प्रहरीसम्म पुऱ्याउने क्रममा अनेक बाधाहरू पार गर्ने गरेका छन् । बलात्कार गर्नु अपराध हो भन्ने स्वीकारिए पनि बलात्कारीलाई सजाय हुनुपर्छ भन्ने सोच बलियो हुन सकेको छैन । पीडितमैत्री वातावरण, छानबिन तथा बयानको बखत पीडितको सुरक्षाको पाटोबाट सोचविचारै गर्ने गरिएको छैन । त्यसैले, न्यायको ढोकासम्म पुग्नु पहिले नै पीडित तथा सर्भाइभरहरूलाई एक्लो पारिन्छ । निराश र हतास बनाइन्छन् । उनीहरू त्रासैत्रासको वातावरणबाट गुज्रिनुपर्छ । घटना भएको हो भनेर दर्ता गराउनकै लागि मात्रै पनि पीडित, पीडित परिवार र पीडित समर्थक/सहयोगीहरूले ज्यानको बाजी थाप्नुपर्छ । अनि बल्ल पीडितहरू न्यायको ढोकामा पाइला टेक्न सक्छन् । त्यसबाट भित्र पस्नको लागि अझै पनि पाइला-पाइलामा दुरुत्साहन, निषेध, बेवास्ता र डर-धम्की झेल्न बाध्य हुन्छन् ।

बलात्कार पीडित/सर्भाइभरहरूको लडाइँमा प्रत्यक्ष-परोक्ष रूपमा संलग्न भइरहँदा मैले भेटेको एउटा तथ्य—हरेक कोणबाट कमजोर अवस्थामा रहेका घर-परिवारका छोरी, बुहारीहरू बढीजसो बलात्कारको शिकार भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीको अभिलेख अनुसार आर्थिक वर्ष (आ.व.) २०७७/७८ र २०७८/७९ असोज सम्ममा सो जिल्लामा जबरजस्ती करणी र जबरजस्ती करणी उद्योगका ६९ ओटा मुद्दामध्ये बढीजसो आर्थिक अवस्था कमजोर परिवारका छोरी, बुहारी बलात्कृत भएको देखिएको छ । बलात्कारी आर्थिक हिसाबले बलियो र राजनीतिक-सामाजिक पहुँचवाला रहेका छन् । यदि आर्थिक रूपमा सम्पन्न नभए पनि कानूनबाट बच्न ऋण लिएर भए पनि आर्थिक चलखेल गर्ने र राजनीतिक शक्ति बढाउने गरेका पाइन्छन् । ६९ मध्ये १९ ओटा घटनाका अभियुक्त फरार छन् । पीडक वा बलात्कारीहरू जहिले पनि तुलनात्मक रूपमा शक्तिशाली, पहुँचवाला र राजनीतिक, सामाजिक तथा आर्थिक चलखेल गर्न सिपालु भएको मैले पाएँ । उनीहरूसँग कानूनी दाउपेच खेल्नेदेखि गाउँ-समाजमा उन्मुक्ति पाउने सम्मका हतकण्डा हुने गर्छन् । त्यसैले, जहिले पनि पीडित/सर्भाइभर कमजोर अवस्थामै हुन्छन् । उनीहरूलाई राज्यको दह्रो कानूनी संरक्षणको खाँचो छ, तर त्यही पाटो फितलो छ । पीडित/सर्भाइभर पक्ष जति सीमान्त अवस्थामा रहेको हुन्छ त्यत्ति नै न्याय पाउने सम्भावना साँघुरिदै जाने गरेको मैले पाएको छु ।

यो लेखमा बलात्कारका घटनामा कसरी घर-परिवारदेखि राज्यका निकायसम्म बलात्कार पीडित/सर्भाइभरले यात्रा गर्नुपर्छ भन्ने यथार्थ चित्रण गर्ने प्रयत्न गरेको छु । यो लेख एक सामाजिक अभियन्ताको रूपमा महिला विरुद्ध हुने हिंसा र महिलामाथि हुने बलात्कारका घटनाहरूमा पीडित/सर्भाइभरलाई न्याय प्रदान गर्न सहयोग गर्दाका अनुभव,

पीडित/सर्भाइभरहरू सँगको औपचारिक-अनौपचारिक गहन कुराकानी, सम्बन्धित प्रहरी कार्यालय तथा अदालतहरूका अभिलेखको अध्ययन एवं र पैदल अनुसन्धान परियोजनाका मेन्टरहरूको मार्गदर्शनमा आधारित रहेर तयार पारेको छु । महोत्तरी र धनुषा जिल्लामा महिलामाथि भएको बलात्कारका केही प्रतिनिधि घटनाहरूमा यो लेख आधारित छ । यो लेखले महिला तथा बालिकाहरूमाथि हुने बलात्कारमा के-कस्ता व्यक्तिगत, पारिवारिक, सामाजिक तथा न्यायिक समस्याहरू छन् ? त्यसमा क-कसले कस्तो भूमिका निर्वाह गरिरहेका छन् भनेर दर्शाउनेछ । र, त्यस्ता समस्याहरू कसरी कम गर्न सकिन्छ भन्नेतर्फ मार्गदर्शन गर्न सघाउनेछ ।

पृष्ठभूमि र निष्कर्ष बाहेक यो लेख चार खण्डमा विभाजित छ । पहिलो खण्डमा समग्र मधेश प्रहरी कार्यालयहरूमा दर्ता भएका तथ्यांक प्रस्तुत गरी त्यस प्रदेशमा महिला तथा बालिकाहरूमाथि हुने गरेका यौनजन्य हिंसाको अवस्था देखाइएको छ । कुनै पनि महिला वा बालिका बलात्कृत भएपछि उनी र उनको परिवारले खेप्नुपर्ने पीडा तथा पार गर्नुपर्ने चुनौतीहरूको कथा विभिन्न घटनाहरू सहित खण्ड दुईमा प्रस्तुत गरिएको छ । तेस्रो खण्डले न्याय प्राप्तिका लागि अगाडि बढ्दा पीडित महिला र उनको परिवारले खेप्नुपर्ने त्रासबारे चर्चा गरिएको छ । यौनजन्य हिंसा घटनाका सम्बन्धमा हुने फितलो अनुसन्धान र न्याय सम्पादनका जटिलताको पक्षबारे आफूले गरेको अवलोकनलाई आधार मानेर चौथो खण्डमा विश्लेषण गरिएको छ ।

## मधेश प्रदेशमा यौनजन्य हिंसाको डरलाग्दो आँकडा

मधेश प्रदेश, प्रदेश प्रहरी कार्यालयको आ.व. (२०७६/७७ देखि २०७८/७९) को त्रि-वर्षीय तथ्यांकले तराईका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा यौन हिंसा, जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग र बाल यौन दुराचारका घटना चिन्ताजनक तवरमा बढेको देखायो । तालिका १ अनुसार आ.व. २०७६/७७ मा मधेश प्रदेशका आठ जिल्लाहरूमा कुल ४२१ जनामाथि यौनजन्य हिंसा भएको थियो भने अर्को वर्ष अर्थात् २०७७/७८ मा त्यो संख्या बढेर ५३३ पुग्यो । त्यस्तै, २०७८/७९ मा ४०६ जनाले यौनजन्य हिंसाको शिकार हुनुपऱ्यो भने २०७९/८० को पहिलो सात महिना सम्मको तथ्यांक हेर्दा १३० जनाले त्यस्तो हिंसा भोगेका छन् । तालिकामा प्रहरी कार्यालयको अभिलेखमा जनाइएको घटनालाई आधार मान्दा यौनजन्य हिंसा अन्तर्गत विभिन्न किसिमका घटना भएका देखिन्छन् । त्यस अन्तर्गत जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बाल यौनदुराचार, मानव बेचबिखन तथा जबरजस्ती करणी, जबरजस्ती करणी गरी कर्तव्य ज्यान, बालविवाह तथा जबरजस्ती करणी, बाल यौन दुरुपयोग, अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी गरी आत्महत्या दुरुत्साहन, अप्राकृतिक मैथुन तथा

कर्तव्य ज्यान, आदि छन् । उल्लिखित मध्ये सबभन्दा धेरै जबरजस्ती करणीको घटना पर्दछन् (हेर्नुहोस्, तालिका १) ।

**तालिका १ : मधेश प्रदेशका ८ जिल्लामा २०७६/७७ देखि २०७९/८० सम्ममा दर्ता भएका यौन हिंसाका घटना**

| **मुद्दा शीर्षक** | **जिल्ला** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **पर्सा** | **बारा** | **रौतहट** | **सर्लाही** | **महोत्तरी** | **धनुषा** | **सिरहा** | **सप्तरी** | **जम्मा** |
| | | | | | ***आर्थिक वर्ष २०७६/७७*** | | | | |
| जबरजस्ती करणी (ज.ज.क.) | ३७ | ४४ | २७ | ३० | १६ | ५३ | ४७ | ३१ | २८५ |
| ज.ज.क. उद्योग | ४ | १३ | १२ | १४ | ७ | १४ | २२ | १० | ९६ |
| बाल यौन दुराचार | | | | १ | | | | | १ |
| मानव बेचबिखन तथा ज.ज.क. | | | | | १ | २ | | | ३ |
| ज.ज.क. गरी कर्तव्य ज्यान | | | | | | १ | | | १ |
| यौन दुर्व्यवहार गरेको | १ | | | | | | | | १ |
| बाल यौन दुरुपयोग | ४ | १० | ५ | ७ | २ | १ | २ | | ३१ |
| बालविवाह तथा ज.ज.क. | १ | | | | | | २ | | ३ |
| **जम्मा** | **४७** | **६७** | **४४** | **५२** | **२६** | **७१** | **७३** | **४१** | **४२१** |
| | | | | | ***आर्थिक वर्ष २०७७/७८*** | | | | |
| ज.ज.क. | ३९ | ३९ | ३७ | ४१ | ४४ | ६५ | ६७ | ४१ | ३७३ |
| ज.ज.क. उद्योग | ७ | ८ | १२ | १५ | १६ | १७ | २४ | १३ | ११२ |
| ज्यान मार्ने उद्योग तथा ज.ज.क. उद्योग | | | १ | २ | | | | | ३ |
| बाल यौन दुरुपयोग | ७ | ३ | १ | ७ | ३ | २ | ६ | ६ | ३५ |
| अपहरण तथा बालविवाह ज.ज.क. | | | ३ | | १ | | | | ४ |
| अपहरण तथा शरीर बन्धक ज.ज.क. तथा कर्तव्य ज्यान | | | | | १ | | | | १ |
| बालविवाह तथा ज.ज.क. | | १ | | | | | | | १ |
| मानव बेचबिखन तथा ज.ज.क. | | | | | | १ | | | १ |
| ज.ज.क. गरी आत्महत्या दुरुत्साहन | | | | | | | | १ | १ |

| मुद्दा शीर्षक | पर्सा | बारा | रौतहट | सर्लाही | महोत्तरी | धनुषा | सिरहा | सप्तरी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अप्राकृतिक मैथुन तथा कर्तव्य ज्यान | | | | | | १ | | | १ |
| ज्यान मार्ने उद्योग, ज.ज.क. उद्योग र डाँका | | | | | | | | १ | १ |
| **जम्मा** | **५३** | **५१** | **५४** | **६५** | **६५** | **८६** | **९७** | **६२** | **५३३** |
| ***आर्थिक वर्ष २०७८/७९*** | | | | | | | | | |
| ज.ज.क. | ३७ | ३८ | ३६ | ३५ | २३ | ४९ | ४२ | २७ | २८७ |
| ज.ज.क. उद्योग | १३ | १४ | ८ | १६ | ८ | ११ | १२ | १० | ९२ |
| यौन दुर्व्यवहार गरेको | | | | | | १ | १ | १ | ३ |
| बाल यौन दुरुपयोग | १ | १ | ५ | २ | २ | २ | १ | २ | १६ |
| अपहरण तथा बालविवाह ज.ज.क. | | १ | १ | | | १ | | | ३ |
| अपहरण तथा शरीर बन्धक ज.ज.क. तथा कर्तव्य ज्यान | | | १ | १ | | | | | २ |
| मानव बेचबिखन तथा ज.ज.क. | १ | | | | | | | | १ |
| ज्यान मार्ने उद्योग ज.ज.क. उद्योग र डाँका | | | | | | | | १ | १ |
| हाडनाता ज.ज.क. उद्योग | | | | | | | | १ | १ |
| **जम्मा** | **५२** | **५४** | **५१** | **५४** | **३३** | **६४** | **५६** | **४२** | **४०६** |
| ***आर्थिक वर्ष २०७९/८० को कात्तिक मसान्तसम्म*** | | | | | | | | | |
| ज.ज.क. | १५ | १३ | ८ | १० | १२ | १५ | १० | ११ | ९४ |
| ज.ज.क. उद्योग | २ | ५ | २ | ४ | ३ | ४ | ५ | ३ | २७ |
| बाल यौन दुराचार | | | | | | | १ | | १ |
| ज्यान मार्ने उद्योग तथा ज.ज.क. उद्योग | | | | | १ | | | | १ |
| मानव बेचबिखन तथा ज.ज.क. | १ | | | | | | | १ | २ |
| ज.ज.क. गरी कर्तव्य ज्यान | १ | | | | | | | | १ |
| बाल यौन दुरुपयोग | १ | | | | | २ | | १ | ४ |
| **जम्मा** | **२०** | **१८** | **९** | **१४** | **१६** | **२१** | **१६** | **१६** | **१३०** |

*स्रोत : प्रदेश प्रहरी कार्यालय, मधेश प्रदेश, जनकपुरधाम ।*

माथि उल्लिखित जबरजस्ती करणी घटनाको तथ्यांकले यौन हिंसाका घटनाको डरलाग्दो अवस्था देखाउँछ । मधेश प्रदेशका आठ जिल्लाहरूमध्ये धनुषा र सिरहामा अन्यमा भन्दा बढी र महोत्तरी तथा रौतहटमा यौन हिंसाका कम घटना दर्ता भएको देखिन्छ । धनुषा र सिरहामा महिला हिंसामा काम गरिरहेका संघ-संस्थाहरूको बाहुल्य हुनुका साथै मिडियाको पनि राम्रै भूमिका भएकाले यस्ता घटनाहरू बाहिर आएको हुनसक्छ । जबरजस्ती करणीको घटना कम दर्ता भएका ठाउँहरूमा त्यस्ता घटना नै कम भएको भन्ने होइन । जबरजस्ती करणीका यस्ता घटना पीडित र पीडित परिवार एक्लैले बाहिर ल्याउनसक्ने सामाजिक संरचना नभएकोले दर्ता नै कम हुने गरेका हुन् । जबरजस्ती करणी गर्दागर्दै समातिएको खण्डमा वा जबरजस्ती करणी गरेर भाग्दै गरेको अवस्थामा समातिएमा मुद्दा दर्ता गर्न सहज हुने गरेको छ । कुनै दबाब वा प्रलोभनमा पारी पटक-पटक जबरजस्ती करणी गर्दै आइरहेको घटनाहरूमा भने दर्ता गर्न एकदमै असहज परिस्थिति सिर्जना गर्ने गरिएको छ । तत्कालीन मधेश प्रदेश प्रहरी प्रमुख नायब महानिरीक्षक प्रद्युम्न कार्कीका अनुसार ७० देखि ८० प्रतिशत यौन हिंसाका घटनाहरू परिवारभित्रै, आफन्तजन र नाता सम्बन्धमा रहेकाहरूबाटै हुने गरेको छ ।[१] त्यसले पनि यस्ता घटना बाहिर ल्याउन जति-जति ढिलासुस्ती हुन्छ, त्यति नै शक्तिको चलखेल अत्यधिक हुने गरेको हुँदा मुद्दा दर्ता गर्न र निष्कर्षमा पुऱ्याउन कठिन हुन्छ । बाल यौन दुराचार, बाल यौन दुरुपयोग, हाडनाता करणीजस्ता घटनाहरू त झनै बाहिर आउनै सकेको छैन ।

## न्याय प्रक्रियामा जानुभन्दा पहिलेको सकस

जब कोही बलात्कृत हुन्छ, तब उसले "अब म के गरूँ" भन्ने प्रश्न आफैसँग गर्छ । मानसिक तवरमा ऊ एक्लो हुन्छ । कसलाई भन्ने, भन्यो भने के होला भन्ने मानसिक तनावबाट पीडित गुज्रने गर्छ । घर-परिवारले थाहा पाएपछि कतै आफ्नो बास खोसिने त होइन भन्ने त्रासले घेर्छ । छरछिमेकले थाहा पाए आफू मात्रै होइन आफ्नो परिवार नै गाउँबाट अलग्गिने त होइन भन्ने डर पैदा हुन्छ । अविवाहित महिला हो भने बिहे हुन नसक्ने त्रासले गिजोल्छ । विवाहितको हकमा समाजमा कसरी मुख देखाएर बाँच्ने तथा श्रीमान्, बालबच्चा र परिवारबाट टाढा हुनुपर्ने हो कि भन्ने त्रासले छोप्छ । कम उमेरका बालिकालाई त आफू बलात्कारका शिकार भएको कुरा तत्काल थाहै हुँदैन । तर, त्यसको मानसिक असर जीवनभर रहन्छ । प्रहरीमा गएमा झनै कुरा फैलने, आफू र आफ्नो परिवार अझ समस्यामा फस्ने, कसैलाई मुख देखाउन लायक रहदिनँ भन्ने मानसिकताले पीडितलाई गाँज्छ ।

[१] यो तथ्यांक कार्कीले मधेश प्रदेश प्रहरी प्रमुख भएर कार्यरत रहँदा २०७५ सालतिर एउटा कुराकानीका क्रममा बताउनुभएको हो । सो कुराकानीको यकिन मिति भने सम्झन सकिनँ ।

बलात्कारका घटनाहरूमा पीडितले भोग्नुपरेको अपमान, बहिष्करण, धम्की, असहयोग र बलात्कारीले पाउने संरक्षण, सामाजिक तथा न्यायिक छुट, सामाजिक सम्मान आदि पक्षहरूसँग धेरथोर जानकार नरहने सायदै होलान्। किनकि यस्ता घटनाहरूको सिलसिलेवार इतिहासले यस्तै प्रवृत्तिहरू मौलाउँदै गएको तथ्य देखाउँछ। यसले महिलाहरूको मनोबल र मानसिकतामाथि एकदमै नकारात्मक असर पारेको छ। बलात्कृत हुनु आफ्नो गल्ती नभए पनि त्यसको क्षति बोक्नैपर्ने भएकोले उनीहरू आफ्नो न्यायको लडाइँ लड्नुपूर्व नै मानसिक रूपमा क्षतविक्षत अवस्थामा पुग्न सक्छन्। न्यायिक प्रक्रियामा पाइला चाल्नकै निमित्त उनीहरूले ठूलो साहस प्रदर्शन गर्नैपर्छ। जसले त्यस्तो साहस देखाउन सक्दैन, ऊ झन्-झन् हिंसा र शोषणको शिकार बन्दै जान्छ। उनीहरूमाथि हुने शोषण निकृष्ट र सम्हाल्नै नसक्ने भएपछि बल्ल त्यसबारे कसैलाई भन्ने गरेको पाइन्छ। कतिपय घटना त उनीहरू स्वयंले कहिल्यै बाहिर ल्याउन सक्दैनन्। त्यस्तो घटनाले निकै क्षति गरिसकेपछि लुक्ने र लुकाउने अवस्थामा घर-परिवारले थाहा पाउने गरेका छन्। त्यसपश्चात् बल्ल घटना बाहिर आउँछन्।

धनुषाधामकी १७ वर्षीय जानकी यादवको घटना त्यसको एक प्रतिनिधि उदाहरण हो।[२] उनी सुस्त मनस्थितिकी थिइन्। आफ्नो दैनिकी सामान्य तवरले बिताउँदै थिइन्। स्कूल पढ्न जान्थिन्। बुबा सानो पसल चलाउँथे। आमा घरधन्दा, खेती र पशुपालनमा तल्लीन हुन्थिन्। बुबा र आमा कामकाजमा व्यस्त हुँदा जानकी प्रायः घरमा एक्लै बस्थिन्। उनीमाथि लगातार दुई वर्षसम्म बलात्कार भइरहेपछि उनको मानसिक अवस्था बिग्रँदै गयो। कक्षा ८ मा पढ्थिन्। एक्कासी उनी स्कूल जान छाडिन्। आमा र बुबासँग पनि डराउन थालिन्। उनको अवस्था झन्-झन् बिग्रँदै गयो। उनी कुनाकाप्चामा मात्रै लुकेर बस्ने भइन्। मानिससँग एकदमै डराउने, कसैको छेउ पर्न नमान्ने भइन्। बुबाआमाले उनको अवस्था बिग्रँदै गएपछि भूतप्रेत लाग्यो भन्ठाने। उनलाई धामी-झाँक्रीकहाँ उपचारको लागि लगियो। बारम्बार झाँक्रीकहाँ लाँदा पनि उनको स्थितिमा कुनै सुधार नआएपछि उनका बुबाआमाले उनलाई जनकपुर अञ्चल अस्पताल लिएर गए। त्यहाँबाट धरानस्थित अस्पतालमा लैजाने सल्लाह बमोजिम जानकीलाई नोबेल अस्पतालमा पुऱ्याइयो। नोबेल अस्पतालमा उपचार गर्ने क्रममा डाक्टरले जानकी लामो समयदेखि यौनजन्य शोषणमा पर्दैआएको कुरा बताए र त्यहीँ उनको उपचारलाई निरन्तरता दिइयो।

अस्पतालबाट जानकी घर फर्केपछि पनि उनी माथिको शोषण कायमै रह्यो। उनीमाथि कसले त्यस्तो गऱ्यो भनेर घरका सदस्यहरूले आन्तरिक तवरमै खोजतलास जारी राखे। त्यही क्रममै एकदिन उनलाई घर पछाडिको टाल (मिलाएर राखिएको पराललाई मैथिलीमा

[२] विषयको संवेदनशीलतालाई ख्याल गरी यस लेखमा सबै पीडितहरूको छद्म नाम प्रयोग गरिएको छ।

टाल भनिन्छ) उनलाई बलात्कार गर्दै गरेको अवस्थामा जानकीकै भाउजूले देखिन् । उनीमाथि बलात्कार गर्ने छिमेकीकै छोरा थिए । आँखाले देखेपछि उनीहरू छिमेकीसँग कुरा गर्न गए । उनीहरूबीच भनाभन भयो । आरोपितले आफ्नो कर्तुत स्वीकार्ने कुरै भएन । उनीहरू आर्थिक र पहुँचको हिसाबले पनि बलियो भएकोले उल्टै थर्काएर पठाइदिए । भोलिपल्ट उनीहरूले पञ्चायत बोलाए । पञ्चायत बसेकै बखतमा सबैको बीचमा जानकीलाई सोधियो । जानकीले एक जनाले होइन दुवै दाजु-भाइ र गाउँकै अन्य दुई जनाले पनि आफूलाई बलात्कार गर्ने गरेको खुलाइन् । पञ्चायत राखिएको बेला अन्य दुई जना विदेश गइसकेका थिए । पञ्चायतमा ती दुई दाजु-भाइलाई बोलाइयो । एक जनाले आरोप स्वीकारे भने अर्काले स्वीकारेनन् । त्यसपछि जानकीको परिवारलाई घटना अघि नबढाउनका निमित्त आर्थिक प्रलोभनका साथै धम्की दिन थालियो । प्रहरीमा गए मुद्दा हाले मारेर फालिदिने भन्दै पीडक पक्षले खुलेआम ज्यान मार्ने धम्की दिए ।

धम्की बढ्दै गएपछि जानकीका बुबा हिम्मत गरेरै मुद्दा दर्ता गर्न जिल्ला प्रहरी कार्यालय पुगे । त्यहाँ उनको मुद्दा दर्ता गरिएन । उनले हार मानेनन् । उनी फेरि गए । प्रहरी उपरिक्षक (एसपी) लाई आफैले भेटे । आफ्नो कुरा राखे । तैपनि उनको मुद्दा दर्ता भएन । उनी चौथो पटकसम्म त्यहाँ पुगेर भेट्नुपर्ने जति अधिकारीलाई भेट्दा पनि मुद्दा दर्ता भएन । कहिले के, कहिले के भनेर अनुसन्धान गर्नुपर्छ भन्दै फर्काइयो । बलात्कार घटनाका मुद्दा दर्ता नगरिएको यो पहिलो र अन्तिम घटना थिएन । मुद्दा दर्ता हुनै नसक्दा उनलाई मेलमिलाप गरुँ कि भन्ने पनि लाग्यो । त्यही गाउँ-ठाउँमा बाँच्नु छ । उनले अनेक धम्की, प्रलोभनका बीचमा बाँच्ने आधार नै टुट्दै गएको महसुस गर्न थाले । कानूनी सहारा लिन खोज्दा ढोका बन्द छ । उनले मेलमिलाप गर्ने बारेमा हितैषीहरूसँग सल्लाह गरे । गाउँमै मिलेमतो गरेमा "बेटी बेचुवा" भइने अर्को कलंक बोक्नुपर्ने हुन्छ भन्ने निष्कर्ष निकाले । उनलाई आत्महत्या गरुँ कि भन्ने सोच पनि आयो । तर, त्यो सोचलाई जित्दै उनले न्यायकै लागि लडिरहने प्रण लिँदै अधिकारकर्मीहरूलाई सम्पर्क गर्न थाले । जानकीका बुबाले मलाई सम्पर्क गरेपछि म जानकीको न्यायको लडाइँमा जोडिएँ ।

प्रहरी कार्यालयमा जानकीको मुद्दा दर्ता गर्ने पहलमा मैले पनि साथ दिएँ । "हामीलाई अनुसन्धान गर्न केही समय दिनुस्" भन्ने उही पुरानै बहाना दोहोर्‍याएर फर्काइदिए । १५ दिनपछि हामी अनुसन्धान के हुँदैछ भनेर सोध्न गयौँ । "अनुसन्धान गर्दैछौँ" भन्ने जवाफ लिएर हामी फर्कियौँ । जानकीको परिवारले आवश्यक सेवा र सहयोग पाउनुको सट्टा झन् दुःख पाउन थाले । अनुसन्धानको नाममा प्रहरीले असहयोग गर्ने मात्रै होइन अनावश्यक दुःख दिन थाल्यो । पीडित र पीडित परिवारको भौतिक, मानसिक र मनोवैज्ञानिक सुरक्षा बारेको चिन्ता चासो त टाढाकै कुरा भयो ।

उता मुद्दा दर्ता हुन सकेको थिएन । यता जानकीका बुबामाथि मेलपिलाप गर्ने दबाब र धम्की बढ्दै गइरहेको थियो । जुनसुकै अवस्थामा पनि मेलमिलाप गर्न नमानेपछि जानकीको बुबाले दर्ता गर्न चाहेको घटना नै नभएको व्यहोराको कागज विपक्षीहरूले बनाएछन् । जसमा गाउँका ९० जनाको हस्ताक्षर लिइयो र जिल्ला प्रहरी कार्यालयमा एसपी समक्ष बुझाइयो । उनीहरू जानकीका बुबाभन्दा कैयौँ गुणा शक्तिशाली, पहुँचवाला र सामाजिक पूँजी भएकाहरू थिए । उनीहरू गलत भए पनि आफ्नो पक्षमा उभिन वा बोलिदिन मानिस उभ्याउन सक्षम थिए । उनीहरूको त्यो कदम पश्चात् झन् हामीलाई मुद्दा दर्ता गर्नै गाह्रो भयो । त्यसपछि हामीले जनकपुरका युवाहरूको एक भेला डाक्यौँ । उनीहरूलाई जानकीमाथि भएको शोषणबारे जानकारी गराई सहयोगको अपील गर्‍यौँ । युवाहरूको साथ पाएपछि हामीले एउटा दबाब समूह बनायौँ । त्यो समूहले जानकीको मुद्दा दर्ता गरी पीडितलाई न्याय देऊ, दोषीलाई कारवाही गर भन्ने खालका "प्लाकार्ड" हरू बनायौँ । करिब १०० जना युवाहरूको जमात भेला भएर प्लाकार्ड सहित जनकपुरधामको मुख्य-मुख्य चोकको परिक्रमा गर्‍यौँ । नाराबाजी गर्दै जिल्ला प्रहरी कार्यालय अगाडि उभियौँ । मिडियाले पनि हाम्रो उक्त अभियानबारे समाचार सामग्री प्रकाशन/प्रसारण गरी सहयोग पुर्‍याए । अनि बल्ल मुद्दा दर्ता भयो ।

महिला तथा बालिकाहरूमाथि हुने यौन शोषण र बलात्कारको घटनामा मुद्दा दर्ता गर्नै कति कठिन छ भन्ने कुराको अर्को ज्वलन्त उदाहरणका लागि तलको घटना हेरौँ ।

"तो एमहरे रह ओम्हर नइजो (तिमी यतै बस उता नजाउ)"

"कइला ? हमर बेटीके काहाँ लजाइछी ? कहलि हमर भतिजाके जन्मदिन है वेटियो के लके चल आहा अस्पतालमे लक अइलि कइला ?" (किन ? मेरो छोरीलाई कहाँ लानु भएको ? तपाईंले भन्नुभएको थियो भतिजको जन्मदिन छ । हामीलाई अस्पतालमा ल्याउनुभयो । किन ?)

यो संवाद मालिक्नी र बेतलबी घरेलु कामदार महिला बीचको हो । जलेश्वर नगरपालिकाकी ३५ वर्षीय महिला गाउँकै एक जना साहुको घरमा घरेलु कामदार थिइन् । उनले आफूसँगै आफ्नी १४ वर्षीय छोरी रीता कापरलाई काममा लगाइन् । पानी पर्दा उनीहरूको घर चुहिन्थ्यो । छाउन सकेका थिएनन् । रीता सहित चार सन्तानलाई हुर्काउन, खुवाउन र पढाउन धौ-धौ थियो । रीताको बुबा वैदेशिक रोजगारमा गए पनि राम्रो कमाउन सकिरहेका थिएनन् । दुई छाक खान र बस्न पाइने शर्तमै रीता र उनकी आमा त्यहाँ काम गरिरहेका थिए । एकदिन अचानक मालिक्नीले उनको भतिजको जन्मदिन मनाउन भन्दै झुक्याएर रीता र उनकी आमालाई लिएर अस्पताल पुगे ।

अस्पतालको ढोकानेर पुगेपछि मालिक्नीले रीताको पेटमा गोला भएकोले अप्रेशन गराउनुपर्छ भनिन् । रीताको आमासँग अप्रेशन गराउन पैसा थिएन । उनी त्यसैको चिन्तामा

परिन् । मालिक्नीले "म अप्रेशन गराइदिन्छु" भनिन् । रीताकी आमालाई "चिन्ता नलेऊ, ल यो पानी पिऊ" भनिन् । पानी पिएपछि रीताकी आमा अचेत भइन् । जब उनी होसमा आइन्, तब उनलाई एक जना नर्सले "तिम्रो छोरीको पेटमा छोरा थियो" भनिन् । सायद नर्सले पेटमा छोरी भएकोले उनीहरूले गर्भपतन गराएको भन्ने ठानेर होला त्यति कुरा बताउन उचित ठानिन् । रीताकी आमा छक्क परिन् । हतारिँदै छोरी भएतिर गइन् । छोरी अस्पतालको बेडमै थिइन्, बेहोस अवस्थामा । उनले छोरीको पेट हेरिन् । अप्रेशन गरिएको आलोघाउ देखिन् । उनी यो कसरी र के भयो भनेर बुझ्न खोज्दै थिइन् । धेरै आत्तिएकी थिइन् । के गरुँ र कसो गरुँ भनेर छट्पटिँदै थिइन् ।

"बच्चा खोई ?" उनले मालिक्नीनिर गएर सोधिन् ।

"मरेको थियो, फालिदियौँ" मालिक्नीले जवाफ दिइन् ।

मालिक्नीले रीताकी आमालाई यो घटना कसैलाई नभन्न, भनेको खण्डमा नराम्रो हुने धम्की पनि दिइन् । उनी चुपचाप अस्पतालमा छोरी कुरेर बसिन् । सात दिनपछि उनीहरूलाई अस्पतालबाट निकालियो । तर, घर ल्याइएन । भारततिर लगियो । त्यहाँ दश दिन राखियो । त्यहाँ बस्दा रीताकी आमालाई दुई ओटा कागजमा सहीछाप गर्न लगाइयो । त्यतिञ्जेल उनीहरू कसैको सम्पर्कमा थिएनन् । घर-परिवारले उनीहरूलाई खोजी गर्न थालिसकेका थिए । मालिकलाई उनीहरूको घर-परिवार र छरछिमेकीले रीता र उनकी आमालाई भेटाउन दबाब दिए । त्यसपछि रीता र उनकी आमालाई गाउँ फकाईयो । रीतामाथि मालिकको छोराले बारम्बार बलात्कार गर्दैआएको कुरा खुल्यो । जबरजस्ती गर्भपतन गराइएको बच्चाको बुबा मालिककै छोरा भएको पनि दुवै पक्षले स्वीकारे । तर, बलात्कारीलाई पहिल्यै लुकाइसकिएको रहेछ ।

गाउँ, छरछिमेकमा सल्लाह गरेर उनीहरू मुद्दा दर्ता गराउन महोत्तरी जिल्ला प्रहरी कार्यालय पुगे । त्यहाँ उनीहरूलाई कहिले के मिलेन, कहिले के मिलेन सच्याएर ल्याउनू भन्दै फर्काइरहे । तत्पश्चात् रीताकी आमा सामाजिक संघ-संस्था र अधिकारकर्मी समक्ष पुगिन् । निर्वाचित जनप्रतिनिधि, वडा अध्यक्षले समेत यो घटनामा साथ दिए । सबैको साथ र सहयोगमा रीतामाथि भएको बलात्कार, जबरजस्ती गर्भपतनको मुद्दा दर्ता भयो । केही दिनपछि बलात्कारी पक्राउ पर्‍यो । तर, निरन्तर दबाबको बाबजुद पनि जबरजस्ती गर्भपतन गराउने पीडककी आमा र सात महिनाको बच्चाको गर्भपतन गराउने अस्पताल तथा डाक्टरमाथि कुनै अनुसन्धान गरिएन । व्यक्तिलाई कानूनी घेरामा ल्याइएन । यो लेख लेखिरहँदासम्म पनि राति-राति उनीहरू पीडितको घरमा आउने, मेलमिलाप गर्न दबाब दिने गरिरहेको जानकारी पीडित पक्षले मलाई दिएका छन् ।

बलात्कारका घटनालाई गाउँमै सुल्झाउन भरपुर प्रयत्न गरिने अर्को एउटा घटना पनि यहाँ उल्लेख गर्न चाहन्छु । बल्बा नगरपालिकाकी २१ वर्षीय कुसुम राउत शारीरिक अपांगता

भएकी अविवाहित महिला हुन् । उनी बोल्न, सुन्न, आफै खाना खान र हिँड्न सक्दिनन् । आमाको सहयोगमा उनको नित्य कर्म चल्छ । एकदिन उनलाई घरैमा आएर कसैले बलात्कार गरेर गयो । उनकी आमा बजारबाट फर्किँदा छोरीलाई असरल्ल र क्षतविक्षत अवस्थामा पाइन् । कुसुमले आफूमाथि भएको घटनाबारे हात र खुट्टाको इशाराले आमालाई बताउन खोजिन् । आमाले छोरीलाई सबैतिरबाट नियालिन् र उनले भन्न खोजेको बुझिन् । प्रश्न उठ्यो, कसले यसो गऱ्यो ? त्यस बारेमा कसैले भेउ पाएनन् ।

घटना भएको तीन दिनपछि, टोलकै एकजना मान्छे घरमा आयो । ऊ आफ्नो ट्र्याक्टरले खेतमा काम गरे बापतको पैसा लिन आएको थियो । उसलाई देखेपछि कुसुम छट्पटिन थालिन् । हातको औँलाले त्यो मान्छेलाई देखाउँदै उनले अनेक हाउभाउ प्रकट गरिन् । कुसुमकी आमाले ट्र्याक्टरले काम गरेको पैसा बजारमै दिन खोज्दा उसले लिन मानेको थिएन । बरु त्यही पैसा लिने निहुँमा ऊ कुसुम एक्लै भएको समय पारेर फेरि उनको घरमा आउने दाउ पर्खेर बसेको रहेछ । संयोगबस त्यो दिन कुसुमले उसलाई चिनिन् र प्रतिक्रिया पनि देखाउन सकिन् । कुसुमको बलात्कारी चिनियो । समात्न खोज्दा ऊ भाग्न सफल भयो ।

उनीहरूले मुद्दा दर्ता गर्ने प्रक्रिया अपनाए । तर, दर्ता गर्न नदिइकन गाउँमै पञ्चायतमाथि पञ्चायत राखियो । पञ्चायतले त्यो घटना गाउँमै मिलाउने निर्णय बाहेक अरू गरेन । पञ्चायतमा जान नखोज्दा सामाजिक दबाब दिइयो । कुसुमकी आमाले सामाजिक क्षेत्रमा सक्रिय युवा र महिला अधिकारकर्मीहरूलाई गुहारिन् । त्यसपछि मुद्दा दर्ता भयो ।

माथिका उदाहरणहरूले देखाउँछन् कि महिला तथा बालिकामाथि हुने बलात्कारका घटनालाई कानूनी प्रक्रिया बाहिरै राख्न चाहने हाम्रै गाउँ-समाज हुन् । यस्ता घटनालाई अझै पनि व्यक्तिगत, घर-गृहस्थी र गाउँ-टोलको मामिला मान्ने गरिएको छ । त्यो पनि बलात्कृत महिला एवं उसको परिवार र गाउँको बेइज्जत हुन नदिने मान्यता अनुरूप सल्टाउन खोजिन्छ । बलात्कार महिला र उसको परिवार तथा गाउँको इज्जतसँग जोडिएको विषय होइन । त्यो त जबरजस्ती जोडेर बलात्कार पीडितहरूलाई अझ कमजोर र शिथिल बनाउने उपाय मात्र हो । त्यसैले त अनेकौँ बाधा, धम्की र त्रासका बाबजुद यस्ता घटनाहरू दर्ता गरिनु आवश्यक छ । जसले तमाम कठिनाइसँग जुध्दै मुद्दा दर्ता गराएका छन्, उनीहरूबाट समाजले सिक्नुपर्छ । राज्यको निकायले पनि आफ्नो कानूनी ढोकालाई पीडितद्वेषी बन्न दिनुभएन ।

## *गैरजिम्मेवार जनप्रतिनिधि*

रीतामाथि भएको शोषण र अत्याचारमा जनप्रतिनिधिहरूको सकारात्मक र महत्त्वपूर्ण भूमिका रह्यो । जुन सह्रानीय छ । तर, जनअपेक्षा विपरीत जनप्रतिनिधिहरूको भूमिका पीडितलाई न्याय दिलाउनेतर्फ भन्दा पीडकलाई जोगाउनमा पनि हुने गरेको छ । जानकीको सन्दर्भमा

वडाध्यक्ष स्वयं पीडकको पक्षमा खडा भएर राजनीतिकर्मीको एउटा टोली सहित मसँग संवाद गर्न आइपुगेका थिए । एउटा बलात्कारको घटना चर्चा गरौँ ।

३५ वर्षीय सोनिया मण्डल महोत्तरी जिल्लाको रामगोपाल नगरपालिकामा बस्छिन् । उनी बोल्न सक्दिनन् । उनका दुई छोरी र दुई छोरा छन् । श्रीमान् ज्याला मजदुरी गर्छन् । श्रीमान्को कमाइले जेनतेन छ जनाको परिवार धानिएको छ । उनीहरूको घरमा शौचालय थिएन । सोनिया लगायतका उनका अरू परिवारजन खुला ठाउँमा शौच गर्थे । चैत २०७६ को एक साँझ, सोनिया शौचका लागि दुई किलोमिटर टाढाको खेतमा गइन् । रातको नौ बज्दासम्म पनि उनी फर्किनन् । घर आसपास, छरछिमेकमा सबैतिर उनको खोजी भयो । उनी कहीँ भेटिइनन् । पुरुषहरूको समूह टर्च लाइट लिएर खेततिर लागे । उखुघारीमा केही आवाज आए झैँ लाग्यो र खोजीमा लागेका पुरुषहरू त्यतैतिर लागे । उनीहरू उखुघारीभित्र छिर्न नपाउँदै दुईजना मान्छे निर्वस्त्र अवस्थामा भाग्दै गरेको उनीहरूले देखे । उनीहरूले ती भागिरहेका मान्छेलाई न समात्न सके, न त चिन्न नै । सोनिया भने बेहोस थिइन् ।

सोनियालाई बेहोसीकै अवस्थामा बोकेर उनीहरूले घर ल्याए । बलात्कारीहरूको लुगा र जुत्ता घटनास्थलमै थियो । उनीहरूले बलात्कारी खोज्नका लागि ती सामानहरू प्रमाण हुने निर्क्योल गर्दै साथै लिएर आए । सोनिया होसमा आइन् । उनले आफू शौच गर्न जाँदा दुई जना मान्छेले मुख थुनेर उखु खेतसम्म लगेर बारम्बार बलात्कार गरेको हाउभाउबाट व्यक्त गरिन् । बलात्कारको पीडा सहन नसकी उनी बेहोस हुन पुगेकी थिइन् ।

त्यो रात बित्यो । भोलिपल्ट उनीहरूले गाउँका युवाहरूको सहयोग लिएर बलात्कारीको खोज-तलास शुरू गरे । पत्तो लाग्यो, नजिकै गाउँका गँजडी केटाहरू रहेछन् । उनीहरू खेत नजिकैको पोखरी छेउको चौतारामा अक्सर भेला भएर गाँजा खाने गर्दारहेछन् । तिनीहरूको पत्तो लागेपछि वडाअध्यक्ष र गाउँका नेता समक्ष सोनियाको परिवार न्याय माग्न पुगे । घटना दर्ता गर्न आनाकानी गरियो । त्यही बेला घटना दर्ता नहोस् भन्नाका निमित्त वडाध्यक्ष र पीडक पक्षबीच भएको एक कुराकानीको अडियो बाहिरियो । उक्त अडियोमा पीडित परिवारलाई "तीन/चार लाख रुपियाँ पठाइदिन्छु, गाउँको मुद्दा गाउमै मिलाउनू" भनिएको सुनिन्थ्यो । उक्त अडियो सुनेपछि स्थानीय युवाहरू सक्रिय भए । उनीहरूले मुद्दा दर्ता गर्न दबाब दिएपछि तेस्रो दिनमा मुद्दा दर्ता भयो । प्रहरीले बलात्कारी छिट्टै पक्राउ पर्ने आश्वासन दियो । यो लेखको अन्तिम मस्यौदा लेखिरहँदा (पुस २०७९) सम्म घटना भएको दुई वर्ष बितिसकेको छ । अझैसम्म सोनियाका बलात्कारी पक्राउ परेका छैनन् । सोनियाको जेठाजुले भने, "केही दिन पहिला हामीले एक जना बलात्कारीलाई रातिको बेला आफैले समात्यौँ । प्रहरीलाई बोलाएर जिम्मा पनि लगायौँ । प्रहरीले जिम्मा लियो र हाम्रै सामु छाडिदियो । र भन्यो, 'भागी हाल्यो' । हामीले केही गर्न सकेनौँ । यस्तोमा हामीले कसरी न्याय पाउने ? कोबाट न्यायको आशा गर्ने ? कानून पनि धनीहरूकै लागि

मात्रै रहेछ ।" यसरी बलात्कार जस्तो गम्भीर अपराधबाट पीडित पक्षले प्रहरी र प्रशासनबाट न्याय पाउने आशा मारिसकेको अवस्था छ ।

## न्यायिक प्रक्रियामा जाँदाको अवस्था : पीडामाथि त्रास र बढ्दो जोखिम

जानकीका आरोपित बलात्कारीहरू घरमै आरामसाथ बसिरहेका थिए । उनीहरूलाई कानूनी कारवाहीको दायरामा ल्याउने कुनै छाँटकाँट हामीले देखेनौँ । न त जानकीका बुबामाथि आउने धम्की नै रोकिएको थियो । बरु झन् बढ्यो । जानकीका बुबाको पसलनिर राखिएको बस्ने बेञ्च उनीहरूले जलाइदिए । उनलाई कि गाउँ छाड्न कि चाहिँ मर्न तयार रहनू भन्ने धम्की दिइरहेका थिए । उल्टो उनलाई अनेक खालका आरोपहरू लगाइयो । जानकीका बुबालाई जमिन सम्बन्धी, गाली गलौज जस्ता सार्वजनिक अपराधको अभियोग लगाइयो । आफ्नी छोरीमाथि भएको अन्यायमा न्याय पाउने र शोषणको क्षतिपूर्ति पाउन संघर्ष गरिरहेका एक बुबाले कहिल्यै नगरेको, कहिल्यै नचिताएको आरोपहरूको सामना गर्नुपरिरहेको थियो ।

उनीहरूको आतंक, धम्की र नयाँ कृत्रिम कानूनी लफडाले जानकीको परिवार डरैडरैमा बाँच्दै थिए । उनीहरूको सुरक्षाका लागि हामीले जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालयमा निवेदन दियौँ । त्यो केवल हाम्रो मनको सान्त्वनाको लागि मात्रै भयो । सम्बन्धित निकायबाट हुनुपर्ने पहल केही भएन । कानूनी दाउपेचमा जानकीका बुबा पिल्सिदै जाँदा एक बिन्दुमा आएपछि हतास बने । उनलाई मानसिक र व्यावहारिक तवरमा हामीले सक्नेजति परामर्श र सहयोग गर्दै गयौँ । सम्बन्धित निकायहरूमा मुद्दा कहाँ पुग्यो ? छानबिन के कसो हुँदैछ ? एक जनाले आरोप स्वीकारिसक्दा पनि किन उनलाई कानूनी दायरामा नल्याइएको भनेर बारम्बार सोधखोज गरिरह्यौँ ।[३]

एकदिन मलाई एक अपरिचित व्यक्तिको फोन आयो । त्यस बेला साँझको पाँच बजेको थियो । उसले जानकीको बारेमा कुरा गर्न चाहेको बतायो । मैले सहर्ष "हुन्छ आउनुस्" भनेँ । म त्यस बेला गंगासागरको आरती गरिने ठाउँमा केही युवा साथीहरूसँग जानकीकै घटनालाई कसरी अगाडि लैजान सकिन्छ भन्नेबारे कुराकानी गर्दै थिएँ । सो व्यक्ति हाम्रो अभियानको सहयात्री पनि हुन सक्छ वा अड्चन पनि भन्ने सोचेर मैले उसलाई पनि त्यहीँ आउन भनेँ । ऊ एक्लै आउला भन्ने मेरो अपेक्षा विपरीत १५ जनाको समूह सहित

[३] यो लेख अन्तिम चरणमा पुग्दा (पुस २०७९) आरोपी दाजु-भाइमध्ये एक जनालाई समातिएको भए पनि जिल्ला अदालतको फैसलाबाट उसले सफाइ पाएको थियो । अहिले सो मुद्दा उच्च अदालत जनकपुरधाममा चलिरहेको छ । अर्को आरोपी चाहिँ पछिल्लो समय कहिलेकाहीँ घरमा आउने गरेको भए पनि पक्राउ परेको छैन ।

आइपुग्यो । उनीहरूको उपस्थिति नै मलाई डर देखाउने शैलीमा भयो । मैले संयमित हुँदै आफ्नो परिचय दिएँ र उनीहरूको पनि परिचय मागेँ । तीन जना बाहेक सबै एक दलका कार्यकर्ताहरू थिए । एक जना त वडाअध्यक्ष नै थिए । हामीले आपसमा वार्तालाप गऱ्यौँ । उनीहरूको लामो कुरा गराइको एउटै मजबुन थियो : जानकीमाथि बलात्कार भएको होइन । आरोपितहरू निर्दोष छन् । निर्दोषलाई किन कानूनी दायरामा ल्याउनुपऱ्यो र ?

उनीहरूको स्पष्टीकरण र आग्रहको जवाफमा मैले "निर्दोष हो भने अनुसन्धान गर्न दिनुस्, निर्दोष नै सावित हुनेछ" भनेँ । त्यसपछि उनीहरूले मलाई त्यो घटनामा संलग्न नहुन केही नरम शैलीमा धम्की दिए । मैले आफू सामाजिक कार्यकर्ता र एक अधिकारकर्मी पनि भएकोले जहाँ अन्याय भयो भन्ने लाग्छ, त्यहाँ संलग्न हुने अडान लिएँ । उनीहरू केही रिसाए झैँ गर्न थाले । एकजनाले "तपाईं अगाडि बढ्नुहुन्छ भने हामी तपाईंको विरुद्धमा आन्दोलन गर्नेछौँ" भन्यो । "हुन्छ, गर्नुस् । तपाईंहरू आफ्नो काम गर्नुस्, म आफ्नो गर्छु" भन्दै म त्यहाँबाट निस्केँ । त्यसपछि मलाई फरक-फरक नम्बरबाट फोन आउन थाल्यो । जानकीका बुबालाई धम्क्याउने काम त जारी नै थियो ।

जानकीमाथि भएको यस्तो शोषण र अत्याचार माथि भनिएका दुई दाजु-भाइले मात्रै गरेका थिएनन् भन्ने कुरा उनी सँगको परामर्शको क्रममा खुलेको थियो । तर, हामीले उनीसँग कुरा गर्दा उनको मानसिक अवस्था अति नाजुक थियो । आफूमाथि त्यस्तो कुकृत्य गर्नेहरू अरू पनि थिए भन्ने खुलाए पनि ती को-को थिए, त्यस्तो घटना कहाँ भएको थियो ? कहिले भएको थियो ? भन्ने जस्ता अनेक कानूनी रूपमा उठाइने सवालहरूको जवाफ भन्नसक्ने अवस्थामा उनी थिइनन् । अहिलेसम्म पनि उनी ती प्रश्नको जवाफ दिन सक्दिनन् ।

## फितलो तहकिकात र न्याय सम्पादन प्रक्रियाका जटिलता

जानकी आफैले आफूमाथि बलात्कार गर्ने व्यक्ति औँल्याइदिँदा समेत आरोपितले नकार्दा र पारिवारिक, सामाजिक र राजनीतिक संरक्षण बलियो हुँदा कानूनी घेरा बाहिरै रहन सफल भए । त्यसैले, जानकीले संकेत गरेको आधारमा अरू बलात्कारीहरूलाई कानूनले समात्ला भनेर आशा गर्ने ठाउँ देखिँदैन । नेपालमा अनुसन्धानको अवस्था पनि कस्तो छ भन्ने यसै घटनाबाट प्रस्ट देखिन्छ । जानकीलाई बलात्कार गर्ने अन्य व्यक्तिहरू भए पनि अनुसन्धान पद्धति परम्परागत हुँदा वा फितलो हुँदा बलात्कार जस्तो आपराधिक घटनामा पनि दोषीलाई कानूनी दायरामा ल्याउन नसकेको देखिन्छ । यत्तिका संघर्ष पश्चात् जानकीमाथि भएको शोषण र अत्याचारमा हामीसँग फितलो कानून छ भन्ने सम्मको बोध गर्नमात्रै सकिएको छ । जानकी र उसको परिवारले न्याय पाएका छैनन् । जानकीमाथि भएको बलात्कारमा उनले एकदमै थोरै कानूनी राहत पाइन् । उनको परिवारले झेलेको आतंक र धम्की, मानसिक तथा भौतिक हैरानी र कानूनी असहयोगको कुनै लेखाजोखा छैन ।

रीतामाथि भएको बलात्कार र जबरजस्ती गर्भपतन गराएको घटनामा दुई ओटा मुद्दा दर्ता गरिएको थियो । बलात्कारको आरोपमा केटा समातिए । जबरजस्ती गर्भपतन गराइएको घटनामाथि भने कानूनी कारवाही भएन । हामी अधिकारकर्मीहरूले बारम्बार जबरजस्ती गर्भपतन गराउने व्यक्ति र गैरकानूनी तवरमा गर्भपतन गर्ने डाक्टरमाथि कारवाही गर्न आवाज उठाइरह्यौँ । तैपनि त्यो घटनामा प्रभावकारी अनुसन्धान समेत भएन । सर्भाइभर रीता एउटा सामाजिक संस्थाको सहयोगमा मनोपरामर्श लिँदैछिन् । के अब रीताले न्याय पाएकी छन् ? कानूनी रूपमा बलात्कारी पक्राउ पर्नु नै न्याय दिनु हो भनेर मान्ने हो भने हो भन्न सकिएला । तर, वास्तविकतामा रीताले पाएको त्यस्तो न्याय अपूर्ण छ ।

कुसुम र सोनियाको घटनामा त अझैसम्म बलात्कारी पक्राउ पर्न सकेका छैनन् । नेपालको कानूनी व्यवस्थाप्रति कुसुमकी आमाको गम्भीर प्रश्न छ, "कानूनको सहारा लिएर खै के भयो ? कानूनले हामीलाई खै के दियो ? मेरी अपांग छोरीले के पाई ?" एक बलात्कार पीडित छोरीको आमाको मनमा यसरी न्यायको आशा मर्दै जान थालेको छ ।

यी माथिका घटनाका पीडित/सर्भाइभरहरू केन्द्रमा रहँदारहँदै पनि उनीहरूको बहुआयामिक जोखिमका पक्षहरूमा ध्यान दिन सकिने खालको वातावरण न हामी महिला अधिकारकर्मी, न सामाजिक सघसंस्था, न त परिवार र समाजले नै बनाउन सकेका छौँ । हामीकहाँ भएका कानूनी प्रावधानहरू पहुँचवाला, ठूलाबडा भनिएका र मानिएका, धनीमानीको पोल्टाबाट फुत्काएर पीडित/सर्भाइभरका निमित्त कार्यान्वयनमा ल्याउनैमा पीडित र हामीजस्ता अधिकारकर्मीहरूको अधिक एकत्रित श्रम र समय लगाउनु परिरहेको छ ।

नेपालमा अहिले पनि अपराध अनुसन्धान परम्परागत शैलीबाट चलिरहेको छ । अहिले पनि प्रायःजसो सोधपुछकै आधारमा अनुसन्धान भइरहेको देखिन्छ । बलात्कार जस्तो घटनामा पनि साक्षी हुनुपर्ने प्रावधान अनिवार्य गरिँदा पीडितलाई अनावश्यक रूपले थप झन्झट पर्नगएको छ । पीडितले खोजी-खोजी साक्षी ल्याउनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना हुने गर्दछ । पीडितसँग सोधपुछ गर्ने प्रहरी प्रायः पुरुष हुने गरेका कारण पीडितले खुलेर आफ्ना कुरा राख्न सकेका हुँदैनन् । पीडितको मेडिकल जाँच हुँदा महिला चिकित्सकको व्यवस्था गरिएको हुँदैन । अर्कोतिर यस्तो संवेदनशील घटनामा पनि पीडितको मेडिकल जाँच हुँदा रिपोर्टमा बलात्कार भएको देखिएपछि आरोपितको हकमा भने प्रमाणित हुनसक्ने विस्तृत मेडिकल जाँच पनि समयमा हुन सक्दैन । त्यसले गर्दा प्रमाण सुरक्षित रहन सक्दैन ।

बलात्कारको घटनामा आरोपित पुरुषको विर्य जाँच हुने गरेको पाइन्छ तर तत्कालै सो व्यक्ति पक्राउ भएको अवस्थामा मात्र त्यो सम्भव हुन्छ । जबकि, अधिकांश मुद्दामा बलात्कारी फरार भएको हुन्छ । बलात्कार भएको अवस्थामा निकै कम आरोपित तुरुन्त पक्राउ परेको पाइन्छ । त्यस्तै, बलात्कृत व्यक्तिमा गर्भ रहेको र उनीबाट बच्चा जन्मेको

अवस्थामा अदालतबाट माग भएको सन्दर्भमा मात्र पुरुषको डीएनए जाँच गरिन्छ । त्यसैले, साक्षी प्रमाण वा सोधपुछबाट प्राप्त तथ्यका आधारमा नै फैसला भएको हुन्छ ।

त्यस्तै, घटनास्थलमा अनुसन्धान गर्दा सबै पक्षको छुट्टाछुट्टै प्राविधिक टोली पनि हुनु पर्नेमा प्रहरीले नै सबैको भूमिका निर्वाह गर्ने गरेको देखिन्छ । यसले गर्दा अनुसन्धान प्रभावकारी नभई निर्दोष व्यक्ति पनि समातिने अवस्था आउँछ । कानूनमा गोपनीयताको व्यवस्था भए पनि अनुसन्धान गर्ने क्रममा कतिपय घटनामा प्रहरीद्वारा गोपनीयताको ख्याल नगरिने गर्दा पीडित र पीडितका परिवारले मानसिक हैरानी बेहोर्नुपर्छ । त्यसैले, अनुसन्धान पद्धतिलाई परम्परागत रूपमा मात्र नभई आधुनिक बनाउनेतर्फ राज्यले व्यवस्था गर्नुपर्ने देखिन्छ ।

बलात्कार पीडितले परिवार, समाज, प्रहरीसम्म मात्र होइन अदालती प्रक्रियामा पनि विभिन्न बाधा अड्चन खेप्नु परेको देखिन्छ । अदालतमा हुने बयान नै अन्तिम बयान हुन्छ । जबसम्म अदालतमा बकपत्र भएको हुँदैन तबसम्म पीडितलाई आरोपी पक्षले धाक-धम्की दिने र प्रलोभनमा पार्ने कोसिस जारी राख्छ । विभिन्न अवरोधहरूले गर्दा कतिपय घटनामा पीडितले आफ्नो बयान नै परिवर्तन गरी "होस्टाइल" भएको देखिन्छ । पीडित "होस्टाइल" भएपछि पीडकले कानूनी उन्मुक्ति पाउने सम्भावना बढी हुन्छ । पीडित नै "होस्टाइल" भइदिएर होस् वा फितलो अनुसन्धानका कारण अदालती प्रक्रिया पश्चात् अपराधी नै पनि निर्दोष सावित हुने परिस्थितिले गर्दा बलात्कारी समाजमा पुनःस्थापित हुन्छ । परिणामस्वरूप सोही व्यक्तिबाट पुनः अर्को अपराध गर्ने वातावरणको निर्माण हुन पुग्छ । कानूनी न्यायका लागि अगाडि बढेको घटनामा पनि यस किसिमको परिणाम आएपछि पीडितका परिवार अदालतसम्म पुग्नेभन्दा पनि समाजमै मिलोमतो गर्नेतिर लाग्ने अवस्था सिर्जना भएको देखिन्छ ।

राज्यले पीडितलाई ढुक्क हुने गरी संरक्षणको व्यवस्था गरेको पाइँदैन । आफू न्यायिक प्रक्रियामा गइसकेपछि सुरक्षाको प्रत्याभूति हुन्छ भन्ने विश्वास नभएपछि पीडित अगाडि बढ्न कठिन हुन्छ । अर्कोतर्फ, न्यायिक निकाय अदालतमा पनि पीडितमैत्री वातावरण नहुँदा, विशेष प्रकृतिका मुद्दालाई हेर्ने विशेष व्यवस्था नहुँदा र विशेष व्यवस्था भएको केही अवस्थामा पनि तिनको कार्यान्वयन नहुँदा पीडितका लागि विश्वासको वातावरण बन्न सक्दैन । जस्तै, बकपत्र गरिँदा गोपनीयताको कदर गरी, बन्द इजलासमा बकपत्र गरिनुपर्ने व्यवस्था भए पनि त्यो पूर्ण रूपमा लागु भएको देखिँदैन । अदालतमा पीडितले दिने बयान महत्त्वपूर्ण भए पनि पुरुष अधिवक्ताले बकपत्र गराउँदा पीडितलाई असहज महसुस हुने हुँदा उनीहरूले खुलेर घटनाबारे बताउन सक्दैनन् । त्यसले गर्दा पीडितले व्यक्त गर्ने तथ्य र उनीहरूको भनाइलाई नै बढी प्राथमिकता दिने परिपाटी भएको अदालतमा पीडित पक्षको आवाज कमजोर हुनपुग्छ । त्यस्तै, पेशी राखिएको बेला पेशीको जानकारी

सहज माध्यमद्वारा पीडितलाई गराइँदैन । जसकारण अदालतमा हुने बहसको दिन समेत पीडित अनुपस्थित हुने देखिन्छ । बलात्कार घटनामा निरन्तर सुनुवाइको व्यवस्था भए पनि त्यसको कार्यान्वयन भएको छैन । यसले गर्दा संवेदनशील मुद्दाको टुंगो लाग्न निकै ढिलो भइरहेको हुन्छ, जसले पीडितलाई झन् मानसिक तनाव थपिन पुग्छ ।

धनुषा जिल्ला अदालतबाट न्याय सम्पादन भएका बलात्कार सम्बन्धी मुद्दाहरूको अध्ययन गर्दा अधिकांश मुद्दामा पीडितको विपक्षमा फैसला आएको छ । आ.व. २०७८/८९ मा उक्त अदालतमा दर्ता भएका जम्मा ८९ ओटा बलात्कार सम्बन्धी मुद्दामध्ये जम्मा २८ ओटा मुद्दामा मात्र न्यायालयबाट फैसला आएको छ । जसमध्ये २६ ओटा मुद्दामा "दाबी नपुग्ने" फैसला भएको छ भने दुई ओटा मुद्दामा "आंशिक दाबी पुग्ने" फैसला भएको छ । यसको अर्थ फैसला भएका २८ मुद्दामा २६ मुद्दाका आरोपितले सफाइ पाएका छन् भने दुई ओटा मुद्दाका आरोपितले "आंशिक दाबी पुगेको" भनी अभियोग दाबी गरिएको सजायमध्ये थोरै सजाय मात्र पाएको देखिन्छ । यसरी हेर्दा फैसला भएको २८ मुद्दामध्ये पीडितले मागदाबी गरे बमोजिमको सजाय हुने एउटा पनि फैसला भएका देखिँदैन । त्यस्तै, आ.व. २०७९/८० को कात्तिक मसान्त सम्ममा दर्ता भएका जम्मा २५ ओटा मुद्दामध्ये जिल्ला अदालत धनुषाबाट दुई ओटा मुद्दाको फैसला भएकोमा दुवैमा "अभियोग दाबी नपुग्ने" फैसला भएको छ ।

माथिका तथ्यांक र विश्लेषणबाट के देखिन्छ भने घर, परिवार र समाजबाट विभिन्न दबाब, प्रभाव, प्रलोभन, धाक, धम्कीलाई पार गर्दै समाजमा भएका बलात्कारका घटनाहरूमध्ये केही मात्र प्रहरी कार्यालयसम्म पुग्छ । प्रहरी कार्यालयमा आरोप दर्ता गर्ने क्रममा पनि धेरै अवरोधहरू झेल्दै त्यो पार गरेर पीडित न्यायका लागि बल्लबल्ल अदालतसम्म पुग्ने गर्छन् । तर, न्यायालयबाट पनि पीडितको पक्षमा निकै कम मात्र फैसला आउने गरेको छ । यसमा न्याय सम्पादन पक्षभन्दा पनि अनुसन्धान पक्ष फितलो रहेको बुझ्न सकिन्छ । पीडितले हेर्दा आफ्नो पक्षमा फैसला नआएकोले न्यायालयप्रति नै तिनको आस्था र विश्वास टुट्दै गएको देखिन्छ ।

## निष्कर्ष

समाजमा महिलामाथि हुने बलात्कारका घटनाका विषयमा काम गरेपछि थाहा पाएँ, आर्थिक अवस्था कमजोर भएका, शिक्षा र सामाजिक तथा राजनीतिक पहुँचमा पछाडि पारिएका परिवारका महिला बलात्कृत हुँदा ती सामाजिक मुद्दा बनाइन्छ । तर, राम्रोसँग सम्बोधन गर्नेतर्फ भने धेरैजसोको चासो रहँदैन । बरु त्यो घटनालाई आ-आफ्नै अनुकूल व्याख्या गरेर जटिल बनाइन्छ । न्यायिक प्रक्रियाद्वारा सम्बोधन गर्नुको सट्टा सामाजिक र

राजनीतिक हतियारको रूपमा प्रयोग गर्ने गरिन्छ । त्यसले पीडित र सर्भाइभरलाई सहयोग पुर्‍याउनुभन्दा चुनौती थप्ने गरेको छ ।

जानकी, रीता, कुसुम र सोनिया प्रदेश २ का यौन शोषणमा परेकाहरूको प्रतिनिधि उदाहरण हुन्, जसको परिवारले बलात्कार विरुद्धमा उभिने हिम्मत देखाए । उनीहरूको हिम्मतकै कारण सामाजिक संस्था, युवा, महिला अधिकारकर्मी तथा जनप्रतिनिधिहरूको साथ र सहयोगले थोरै भए पनि नतिजा ल्याउन सफल भयो । जहाँ नतिजा सकारात्मक आउन सकेको छैन, त्यहाँ दबाब दिने र जनप्रतिनिधि तथा न्यायिक निकायहरूलाई जिम्मेवार बनाउने प्रशस्तै ठाउँहरू रहेका छन् । यौनजन्य हिंसा र बलात्कारका घटनामा सहज किसिमले न्याय पाउन नसकिने यस्तै घटनाहरूका दृष्टान्त थपिँदै जाँदा यौन हिंसा, बलात्कारजस्ता घटनालाई न्यायिक प्रक्रियामा लैजान झन् चुनौती थपिँदै जान्छ । महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा, यौनशोषण, बलात्कारका घटना पनि कम हुने छैन ।

कतिपय सन्दर्भमा व्यक्तिगत एवं पारिवारिक रिसइवीका कारण सहमतिमै भएका सम्बन्धलाई समेत जबरजस्ती गरेको आरोप लगाउने पनि गरिन्छ । त्यसरी स्वार्थ अनुरूप बंग्याइएका घटनाले बलात्कारका गम्भीर घटनाहरूलाई पूर्ण रूपमा छायाँमा पार्न सक्दैन । तर, बलात्कारका घटनाहरूलाई न्यायिक प्रक्रियामा लानै नचाहने जमातका लागि त्यस्ता घटनाले बल प्रदान गर्ने गरेको छ । जस्तो कि, "परिपक्व व्यक्तिहरूबीच सहमतिमै सम्बन्ध भएको हुनसक्छ, पछि कुरा नमिलेपछि बलात्कार भयो भनेर कहाँ पाइन्छ" भन्ने खालको तर्क दिएर कहिलेकाहीँ मुद्दा दर्ता गर्न र त्यसमा साथ दिन आनाकानी गर्ने पनि गरिएको छ । पहिलेको तुलनामा यौन हिंसा र बलात्कारका घटनामा आवाज उठाउने जमात बढेका छ । तर, त्यस्ता घटनालाई चौतर्फी रूपमा असहयोग गर्ने जमात निकै ठूलो भएकोले पीडितले प्रशस्तै चुनौतीको सामना गर्नुपरिरहेको छ ।

मूलतः बलात्कारका घटनालाई आपसी मेलमिलापबाटै सुल्झाउनुपर्ने मान्यता परिवार र समाजमा हावी छ । त्यो भनेको पीडित वा तिनका परिवारले बलात्कारीसँग सम्झौता गर्नुपर्छ र उसको अमानवीय व्यवहारलाई सामान्य ठानी क्षमा दिनुपर्छ भन्ने नै हो । त्यसले दण्डहीनतालाई बढाइरहेको छ । अझै पनि बलात्कार सम्बन्धी कानूनी न्यायको व्यवस्थालाई नै "नचाहिने" कुराको रूपमा स्थापित गर्न खोजिएको छ । घटना भएपछि पीडित आफ्नै घरभित्र पनि डराउँदै बस्नुपर्ने, पीडक/बलात्कारीहरू भने केही नभए झैँ निर्धक्क बस्न, हिँडडुल गर्न र कामकाज गर्न पाइरहने वातावरणलाई नै निरन्तरता दिन खोजिएको छ । त्यस्तो परिस्थिति जतिसक्दो छिटो अन्त्य हुनुपर्छ । त्यसको लागि अहिले सक्रिय रहेका सामाजिक संघ-संस्था, अधिकारकर्मी, राजनीतिकर्मी, सञ्चार माध्यम र केही सचेत नागरिकहरूको मात्रै पहल पर्याप्त छैन । कानूनी प्रावधानहरू पीडितका निमित्त पहुँचयोग्य र उपयोगी होऊन् भन्नका लागि चौतर्फी दबाब र हस्तक्षेपको खाँचो छ ।

## धन्यवाद

यो अनुसन्धानका लागि अवसर दिएकोमा मार्टिन चौतारी र त्यहाँका अनुसन्धानकर्ता सोहन प्रसाद साहलाई धन्यवाद छ । समग्र अनुसन्धान तथा लेखनमा मलाई मेन्टरिङ गर्ने र विभिन्न चरणका मस्यौदाहरू पढी परिमार्जनका लागि सुझाव दिनुहुने एवं लेखको आवश्यक सम्पादन गरिदिनुहुने कैलाश राईप्रति आभारी छु । त्यसै गरी, अर्का सम्पादक देवराज हुमागाईंलाई पनि धन्यवाद छ । यो लेख मार्टिन चौतारीद्वारा जनकपुरधाममा पुस १–२, २०७९ मा आयोजित कार्यशालामा प्रस्तुत गरिएको थियो । सो क्रममा यसमाथि टिप्पणी गर्नुहुने अधिवक्ता राहुल झा र सो कार्यक्रममा उपस्थित भई सल्लाह तथा सुझाव दिनुहुने अन्य सहभागीहरूलाई पनि धन्यवाद छ । अन्त्यमा, एक अभियानकर्मीका नाताले मैले भेट्न खोज्दा समय दिई आफ्ना पीडा र भोगाइ सुनाउनुहुने समस्त पीडित र उहाँका परिवारप्रति पनि आभारी छु ।